जनकपुरधाम उप-महानगरपालिका
जनकपुवधाम ऊप-मशानगवपानिकां
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल
(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/८२
चलानी नं. :- ४८२१

मितिः- २०८२/०१/०७

विषयः- छात्रवृतिमा विद्यार्थी अध्ययन अध्यापन गर्ने गराउने सम्बन्धमा ।

श्री संस्थागत विद्यालयहरु सबै
जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा यस पालिका अन्तर्गत संचालित संस्थागत विद्यालयहरुले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, निममावली २०७७ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) र यस पालिकाको संस्थागत विद्यालय छात्रवृति वितरण कार्यविधि २०८१ मा उल्लेख भए बमोजिम प्रक्रिया पुरागरी विद्यालय स्तरीय छात्रवृति विर्तरण समितिले कक्षागत कोटा र आरक्षित कोटामा छात्रवृतिमा अध्ययन गर्ने विद्यार्थीको नामावली शिक्षा तथा खेलकुद विकास शाखामा उपलब्ध गराउन हुन जानकारीको लागि अनुरोध छ ।

तपसीलः

छात्रवृति विद्यार्थी छनौट गर्ने प्रक्रियाः-

क) विद्यार्थी संख्या ५०० सम्म भएकोमा न्यूनतम १० प्रतिशत, ५०१ देखि ८०० सम्म विद्यार्थी संख्या भएकोमा न्यूनतम १२ प्रतिशत तथा ८०१ देखि १००० वा भन्दा बढी विद्यार्थी संख्या भएकोमा १५ प्रतिशत कोटा छात्रवृतिको लागि छुट्टयाउनु पर्नेछ।

ख) विद्यालयस्तरीय छात्रवृति वितरण समितिले कक्षागत कोटा र आरक्षित कोटाको जानकारी शिक्षा तथा खेलकुद विकास महाशाखालाई उपलब्ध गराउनु पर्नेछ ।

ग) छात्रवृति व्यवस्थापन समितिले विद्यालयबाट प्रस्तावित कोटालाई एकीन गरी वा गर्न लगाई शैक्षिक शत्रशुरु भएको एक महिना भित्र विद्यालय मार्फत सूचना जारी गर्न लगाई वा उप-महानगरपालिकाबाट सूचना जारी गर्ने गरी आवेदन लिने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

घ) यस कार्यविधि जारी भएको शैक्षिक सत्र २०८१ का लागि कार्यविधि जारी भए पश्चात दफा ५.२ को (क) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) उप-महानगरपालिकाको छात्रवृति परीक्षा विद्यालयको विद्यालय स्तरीय छात्रवृति वितरण समितिले यसरी प्राप्त आवेदनहरु छानविन गरी आवेदकहरुको सूची प्रकाशन गर्ने/गराउने र छात्रवृतिमा छनौट गर्नको लागि परीक्षाको मिति तय गरी परीक्षा संचालन गर्ने र तोकिएको आरक्षणको परिधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने गराउने कार्य गर्नुपर्नेछ ।

च) नतिजा प्रकाशन गर्दा छात्रवृति उपलब्ध गराइएका विद्यार्थीहरुको नाम, थर, तथा निजको बाबु वा आमाको नाम, थर, वतन सहितको नामावली विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी विद्यालयको वेभाईट भएमा त्यसमा समेत सार्वजनिक गर्नु पर्नेछ। विवरण हेर्न चाहने व्यक्तिलाई त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ।

धीरेन्द्र लाल कर्ण
शिक्षा शाखा प्रमुख

(धीरेन्द्र लाल कर्ण)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा

"धार्मिक, सांस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम"

Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com